# बाँसगढी राजपत्र

खण्ड : २ अंक : ३ प्रमाणिकरण : २०७५।०९।२९
प्रकाशन मिति : २०७५।१०।२५

भाग - १

बाँसगढी नगरपालिका

# बाँसगढी नगरपालिकाको नगर शिक्षा ऐन, २०७५

# बाँसगढी नगरपालिका नगर शिक्षा ऐन - २०७५

**प्रस्तावना :**

राष्ट्र विकासको लागि चाहिने जनशक्ति तयार गर्न लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकुल नागरिकको सहज पहुँच, सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्न संविधान प्रदत्त शिक्षाको मौलिक हकको सुनिश्चितता गर्दै नागरिकमा सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न नगरपालिकामा स्थापना हुने तथा स्थापना भई संचालन भइरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै जीवनोपयोगी, आधुनिक, वैज्ञानिक, प्राविधिक तथा बुनियादी व्यवसायिक शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान भाग ५ धारा ५७ (४) अनुसूचि ८ ले दिएको अधिकार प्रयोग गरी यो बाँसगढी नगरपालिका बर्दियाको आधारभूत तथा माध्यमिक शिक्षालाई व्यवसस्थित गर्नका लागि नगरसभाले यो बाँसगढी नगरपालिकाको शिक्षा ऐन २०७५ बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "बाँसगढी नगरपालिकाको शिक्षा ऐन - २०७५" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि बाँसगढी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) " नगरपालिका" भन्नाले बाँसगढी नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बाँसगढी नगपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बाँसगढी नागरपालिकाको शिक्षा ऐन -२०७५ लाई जनाउँदछ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(च) "शिक्षा समिति" भन्नाले बाँसगढी नगरपालिकाको प्रमुखले नेतृत्व गरेको दफा ८ अनुसारको शिक्षा समिति सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बाँसगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "शिक्षा शाखा प्रमुख" भन्नाले बाँसगढी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(झ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) "स्रोतव्यक्ति" भन्नाले स्रोतव्यक्ति निर्देशिका २०७२ अनुसार करार सम्झौता गरी काजमा खटिएका माध्यमिक तहका शिक्षकलाई सम्झनु पर्छ।

(ट) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) “परिवार” भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र ,अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ढ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

(ण) "पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय वा प्रदेशले तोके बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(त) “परीक्षा समिति” भन्नाले दफा ९ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(थ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) “ पूर्व प्राथमिक विद्यालय ” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ध) “शिक्षा विकास कोष” भन्नाले दफा १५ बमोजिम खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(न) “विद्यालय” भन्नाले सामुदायिक वा संस्थागत विद्यालयलाई सम्झनु पर्छ ।

(प) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(फ) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी शैक्षिक गुठी कम्पनी सहकारी अन्तरगत अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ब) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(भ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(म) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(य) “विद्यालय शिक्षा” भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(र) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म र बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ल) "व्यवस्थापन समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(व) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवा सिफारिससमेत गर्ने आयोग सम्झनु पर्छ।

(श) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

(ष) "शुल्क" भन्नाले संस्थागत विद्यालयले दफा २० बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ।

(ह) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने जीवनपर्यन्त सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

(क्ष) " धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुरुकुल, गुम्बा, गोन्पा र मदरसाजस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(त्र) " शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ

(ज्ञ) " मुद्दा हेर्ने अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ।

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :** (१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा तीन महिना अगावै तोकिए बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ।

(२) विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ।

(३) दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत प्रतिवेदन जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यापालिका समक्ष पठाउनु पर्नेछ।

(५) उपदफा (४) अनुसार कार्यपालिकाले शिक्षा समितिको सिफारिस मनासिब ठानेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ। कार्यपालिकाको निर्णय बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ।

(६) यसरी अनुमति दिंदा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा १५ दिन अगावै दिनुपर्नेछ।

(७) उपदफा (५) बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले विद्यालय खोल्ने अनुमति दिंदा विद्यालय नक्साङ्कन र नगर शिक्षा समितिले निर्धारण गरेको वडाको लागि विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ।

(८) यस ऐन विपरीत कसैले अनुमति दिएको वा प्राप्त गरेको पाइएमा नगर कार्यपालिकाले छानबिन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि

सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

(९) उपदफा (३) वा (५) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको तोकिए बमोजिमको ढाँचामा शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि तोकिए बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णयको आधारमा कार्यपालिकाले विद्यालय खोल्न स्वीकृति दिनेछ।

(१२) यसरी कार्यपालिकाबाट स्वीकृत भएमा शिक्षा, युवा तथा खेलकुद शाखाले तोकिए बमोजिमको शर्त तथा बन्देजको अधीनमा रही त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि प्रक्रिया उपदफा ९ बमोजिम हुनेछ । यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्विभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई बालबालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गरिने छ। एकल वा द्विभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाइने छ। सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ।

(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि प्रक्रिया र मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(१५) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धि नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धि व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(१६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी संचालन गर्ने संचालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने

(ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्डमा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने

(घ) शैक्षिक गुठको तत्काल कायम रहेका गुठीका संचालकले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा उत्तराधिकारी तोक्न सक्नेछ।

**४. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन -

(क) साधारण माध्यमिक शिक्षा।

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था :** (१) नगरपालिकाले शिक्षा मन्त्रालय तथा विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौषचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौषचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा संचालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

(३) दूर शिक्षा विशेष शिक्षा तथा समावेशी शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिए तापनि दृष्टिविहीन, न्यून दृष्टीयुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्क, शिक्षण सिकाइ र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको संचालन तोकिए बमोजिम हुनेछ।

**६. शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ:

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नगरपालिकाभित्रका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

**७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्छ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था भए तापनि स्थानीय भाषा संस्कृति तथा मौलिकताको संरक्षण गर्ने सन्दर्भमा नगरपालिकाले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्न सक्नेछ।

**८. नगर शिक्षा समितिसम्बन्धि व्यवस्था :** (१) बाँसगढी नगरपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको एक शिक्षा समिति रहनेछ :

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) नगर पालिकाले तोकेको नगर कार्यपालिकाका एकजना महिला सहित २ जना- | सदस्य |

(ङ) शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाको प्रमुखले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

(छ) सामुदायिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) नगरस्तरीय शिक्षक महासंघको अध्यक्ष - सदस्य

(झ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येबाट विद्यालयहरुको सिफारिसमा

नगर शिक्षा समितिले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

(ञ) नगरपालिकाको शिक्षक अभिभावक संघका अध्यक्षको तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको प्रतिनिधि एक जना सदस्य

(ट) गूठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको एकजना सदस्य

(ठ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य- सचिव

(२) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नुपर्नेछ।

(३) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यहरुको पदावधि सन्तोषजनक नभएमा मनोनित गर्ने समिति वा पदाधिकारीले जुनसुकै समयमा हटाउन सक्नेछ। त्यसरी हटाउनु पर्ने भएमा स्पष्टीकरणका लागि समय प्रदान गर्नु पर्नेछ।

(४) शिक्षा समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

(५) बैठक संचालनको लागि कम्तिमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(६) शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**९. परीक्षा संचालन तथा समन्वय समिति** : (१) नगरपालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) इलाका प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि –सदस्य

(ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्ये शिक्षा समितिले मनोनयन गरेको एकजना –सदस्य

(घ) सामुदायिक विद्यालयका शिक्षकहरू मध्ये आधारभूत र माध्यमिक तहबाट एक एक जना पर्ने गरी कम्तिमा एक महिलासहित शिक्षा समितिले मनोनयन गरेका दुईजना सदस्य

(ङ) संस्थागत विद्यालयका शिक्षकहरूमध्ये आधारभूत र माध्यमिक तहबाट एक एक जना पर्ने गरी कम्तिमा एक महिलासहित शिक्षा समितिले मनोनयन गरेका दुईजना - सदस्य

(च) नेपाल प्रहरीको प्रतिनिधि – सदस्य

(छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख –सदस्यसचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(४) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा संचालन ,परीक्षा संचालन तथा समन्वय समितिबाट स्वीकृत कार्यविधि बमोजिम समितिले गर्नेछ।

(५) उपनियम ३ र ४ बाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

**१०. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा अध्ययन गर्ने गरिब, जेहेन्दार, दलित, अपाङ्गता भएका बालबालिका, कमलरी, अति विपन्न परिवार, द्वन्द्व पीडित, सहिद तथा बेपत्ता परिवार तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुका लागि नेपाल सरकारद्वारा प्रदान गरिने छात्रवृत्तिमा नदोहोरिने गरी छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

**११. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** नगरपालिकाले रीतपूर्वक नगर क्षेत्रभित्र खोलिएका प्रारम्भिक बाल विकास केन्द्रहरुलाई तोकिए बमोजिम अनुदान दिन सक्ने।

**१२. प्रारम्भिक बाल शिक्षासम्बन्धि व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापनसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको संचालन, रेखदेख तथा व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ -

(क) विद्यालयका अभिभावकहरुले आफूहरुमध्येबाट चुनेका एकजना १ जना महिला र १ जना दलित महिलासहित चारजना - सदस्य

(ख) सम्वन्धित वडाको वडा अध्यक्ष वा वडाका निर्वाचित सदस्यहरूमध्येबाट वडा समितिले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ग) विद्यालयका संस्थापक स्थानिय, बुद्धिजीवी, शिक्षाप्रेमीहरुमध्येबाट समितिले मनोनित गरेको एकजना महिलासहित दुईजना - सदस्य

(घ) शिक्षक तथा कर्मचारीहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

(ङ) विद्यालयमा अध्ययनरत छात्रा, छात्रहरुमध्येबाट एक जना छात्रा र एक जना छात्र गरी बालक्लवले मनोनयन गरेको २ जना आमन्त्रित - सदस्य

(च) प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि रहनेछन।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएको व्यक्ति सदस्य रहनेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) राजीनामा स्वीकृत गर्ने :व्यवस्थापन समितिका सदस्यको राजिनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजिनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजिनामा व्यवस्थापन समितिको ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बालक्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरीतका कुनै निर्णय भएकोमा बाल प्रतिनिधिहरुलाई जिम्मेवार बनाईने छैन।

(८) अभिभावकको अभिलेख राख्ने : (क) हरेक विद्यालयले शिक्षा युवा तथा खेलकुद शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ तर विद्यालय व्यवस्थापन समिति गठनको प्रयोजनार्थ अभिभावक भन्नाले विद्यार्थीका आमा, बुवा, बाजे र बज्यै मात्र जनाउँदछ ।

(ख) खण्ड (क) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ ।

(९) प्रचलित कानुन बमोजिम गठन भई कृयाशील रहेका विद्यालय व्यवस्थापन समितिहरु पदावधि समाप्त नहुँदा सम्म कायम रहनेछन् ।

(१०) संस्थागत विद्यालयको संचालन,रेखदेख तथा व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येवाट विद्यालयको सिफारिसमा शिक्षा, युवा तथा खेलकुद शाखाले मनोनित गरेको ब्यक्ति -अध्यक्ष

ख) अभिभावकहरुमध्येवाट एक जना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापनले मनोनित गरेको दुई जना सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतब्यक्ति सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षक तथा कर्मचारीहरुले आफूहरुमध्येबाट छानी पठाएको - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(११) विद्यालय व्यवस्थापन समितिका मनोनित सदस्यहरुको कार्य अवधि ३ वर्षको हुनेछ।

(१२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१४) शैक्षिक गुठी अन्तर्गत संचालन भएका विद्यालयको संचालन रेखदेख तथा व्यवस्थापनसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने** : (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

१५. **नगर शिक्षा विकास कोषसम्बन्धि व्यवस्था** :(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि यस नगरपालिकामा एक नगर शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

क) नेपाल सरकारबाट प्राप्त अनुदान
ख) नगरपालिकाको आन्तरिक स्रोतबाट प्राप्त अनुदान
ग) शिक्षा करबाट उठेको रकम
घ) चन्दा तथा अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

१६. **विद्यालय विकास कोषसम्बन्धि व्यवस्था** :(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन :-

क) नेपाल सरकार तथा नगरपालिकाबाट प्राप्त अनुदान
ख) नगर शिक्षा विकास कोषबाट प्राप्त अनुदान
ग) शुल्कबाट आउने अनदान
घ) चन्दा, दान दातव्य तथा अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

**१७. विद्यालयको सम्पत्ति** : (१) सामुदायिक विद्यालयको सम्मत्तिको सुरक्षा तथा संरक्षणको व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :** (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकार प्राप्त व्यक्तिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

(२) तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

**१९. विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**२०. शुल्क सम्बन्धि व्यवस्था** : (१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनैपनि किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निशुल्क तथा अनिवार्य तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार तथा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(५) उपदफा १ बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि र विद्यालयको भौतिक संरचना निर्माणको लागि कुनै पनि किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकार प्राप्त व्यक्तिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग शुल्क लिएमा तोकिएको अधिकार प्राप्त व्यक्तिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराउनु पर्नेछ र ऐन विपरीत शुल्क लिने विद्यालयलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरिनेछ।

**२१. शिक्षक महासंघ शिक्षक तथा कर्मचारीको पदीय आचरण सम्बन्धि व्यवस्था :** (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर पालिकाभित्र एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको निर्वाचन तोकिएबमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षकलाई पदबाट हटाइनेछ :-

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

**२२. शिक्षकको सरुवा सम्बन्धि व्यवस्था :**(१) शिक्षकको सरुवा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्वन्धी :** अन्तर स्थानीय तह शिक्षक सरुवा सम्बन्धि व्यवस्था नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

**२४. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउन हुँदैन तर विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना निर्वाचनसम्बन्धि काम प्राकृतिक प्रकोप उद्दार वा नगरपालिकाले तोकेको अन्य काममा खटाउन सकिनेछ ।

**२५. छात्रवृत्ति, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था :** छात्रवृत्ति, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**२६. बिदा तथा काज सम्बन्धि व्यवस्था :** शिक्षक तथा विद्यालय कर्मचारीले पाउने बिदा तथा काजसम्बन्धि व्यवस्था संघीय कानुन वा तोकिए बमोजिम हुनेछ ।

**२७. बालबालिकालाई निस्कासन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निस्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**२८. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न नहुने** : (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण वा पूर्व तयारी कक्षा वा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न पाउने छैन ।

(२) उपदफा १ बमोजिम शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण वा पूर्व तयारी कक्षा वा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. दण्ड सजाय सम्बन्धि व्यवस्था** : (१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा कसुरको मात्रा हेरी त्यस्तो व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई दफा २६ अन्तरगतको कार्य गरेमा।

(३) उपदफा १ र २ बमोजिमको कसूर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुंगो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

(४) उपदफा १ र २ मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको दफा उल्लंघन गरेमा तोकिएको अधिकार प्राप्त व्यक्तिले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निस्कासन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।

३०. **मुद्दा हेर्ने अधिकारी :** दफा ३ को उपदफा १ बमोजिम सजाय हुने कसूर सम्बन्धि मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारवाही र किनारा गर्नेछ।

३१. **नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगरपालिकाले देहायबमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(क) विद्यालय अनुमति स्वीकृति र कक्षा थप

(ख) विद्यालयलाई दिइने अनुदान

(ग) आधारभूत तथा अन्य तहको परीक्षा संचालन तथा व्यवस्थापन

(घ) नगर कार्यपालिका भित्रका विद्यालयहरुमा खाली रहेका शिक्षकहरुको तत्काल परिपूर्ति गर्नु पर्ने अवस्था भएमा करार वा अस्थायी सेवाबाट नियुक्ति गर्ने

(ङ) विद्यालय कर्मचारी व्यवस्थापन

(च) विद्यालय सम्पत्तिको सुरक्षा

(छ) विद्यालयको अतिरिक्त क्रियाकलाप

(ज) शिक्षक तथा विद्यार्थीको पुरस्कार र दण्ड सजायँ

(झ) विद्यालयको आय व्यय जाँच

(ञ) विद्यालय सार्ने गाभ्ने तह घटाउने बन्द गर्ने व्यवस्था

(ट) सामुदायिक सिकाइ केन्द्र

(ठ) शिक्षक विद्यार्थी आचारसंहिता

(ड) नगर शिक्षा विकास कोष तथा विद्यालय शिक्षा विकास कोष

(ढ) छात्रवृत्ति सम्बन्धि व्यवस्था

(ण) शिक्षण तथा व्यवस्थापन तालिम

(त) विद्यालयको पुस्तकालय र वाचनालय

(थ) विद्यार्थी भर्ना नियमितता र विद्यार्थी संख्या

(द) प्रधानाध्यापकको व्यवस्था

(ध) शिक्षक व्यवस्थापन तथा शिक्षकको दरबन्दी मिलान

(न) संस्थागत विद्यालय सम्बन्धि

(प) ट्युसन, कोचिङ् कक्षा, भाषा शिक्षण र निजी शिक्षक तालिम

(फ) अन्य विविध विषयमा।

**३२. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन बाँसगढी नगरपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**३३. बचाउ र लागु नहुने :** यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनसँग बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ।

*प्रमाणीकरण मिति : ईति सम्बत २०७५ साल ९ महिना २८ गते रोज ७ शुभम्।*